छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या:४ २०८० पुस २७ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८०

**प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८०**

<u>प्रकाशन तथा प्रकाशित मिति</u>
२०८०/०९/२७

सम्वत् २०८० को कार्यविधि नं. २०

**<u>प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कानूनलाई तर्जुमा गर्न बनेको कार्यविधि</u>**

**<u>प्रस्तावनाः</u>** छायाँनाथ रारा नगरपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक एवं अन्य विशिष्ट पहिचान गराई प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउन वाञ्छनीय भएकोले,

छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाकाको कार्यपालिकाको बैठकले यो कार्यविधि लागु गरेको छ।

**परिच्छेद-१**
**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको कार्यालयले स्विकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

२. **<u>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-</u>**

(क) "लोगो" भन्नाले प्राकृतिक चिन्ह वा प्रतिक चिन्हलाई सम्झनु पर्छ।
(ख) "समिति" भन्नाले प्रतिक चिन्ह छनोट समितिलाई सम्झनु पर्छ।
(ग) "संयोजक" भन्नाले समितिको संयोजकलाई सम्झनु पर्छ।
(घ) "सदस्य" भन्नाले समितिको सदस्यलाई सम्झनु पर्छ।
(ङ) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिवलाई सम्झनु पर्छ।

**परिच्छेद-२**
**<u>प्रतिक चिन्ह (लोगो) छनोट समितिको गठन तथा काम, कर्तव्य, अधिकार र मापदण्ड</u>**

३. **<u>प्रतिक चिन्ह (लोगो) छनोट समितिको गठनः</u>** (१) प्रतिक चिन्ह (लोगो) छनोट समितिको लागि देहाय बमोजिमको एक प्रतिक चिन्ह (लोगो) छनोट समिति हुनेछ।

(क) नगर प्रमुख -संयोजक
(ख) नगर उपप्रमुख -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

४. **<u>काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यविधिले तोके बमोजिमको मापदण्ड तथा शर्तहरु बमोजिम लोगो छनोट गर्नुपर्नेछ।

५. **<u>प्रतिक चिन्ह (लोगो) मा समावेश हुने मापदण्ड तथा शर्तहरुः</u>** (१) प्रतिक चिन्हमा समावेश हने मापदण्ड तथा शर्तहरु देहाय बमोजिम रहेको छ।

(क) नगरपालिकाको नाम, नेपालको नक्सा, नेपालको झण्डा, छायाँनाथ मन्दिर (गाथ), रारा ताल, चंखेली हिमाल र चौध वडा ईन्कित नक्सा अनिवार्य समावेश हुनुपर्छ।

(ख) प्रतिक चिन्ह (लोगो) ले नगरपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्किने हुनु पर्छ।

(ग) कुनै जातीय विभेद र सम्प्रदायिकतालाई प्रश्रय हुने खालको सांकेतिकरण नभएको हुनुपर्छ।

(घ) राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनुपर्छ।

(ङ) प्रतिक चिन्ह (लोगो) मा समावेश भएको संकेतहरुको संक्षिप्त ब्याख्या गर्नु पर्छ।

(च) पेश भएको लोगो डिजाईनमा मुल्याङ्कन समितिबाट कुनै सुझाव प्राप्त भएमा परिमार्जित डिजाईन पेश गर्नुपर्नेछ।

(छ) प्रतिक चिन्ह (लोगो) को स्विकृत तथा प्रयोग सम्बन्धी सर्वाधिकार नगरपालिकामा निहित रहनेछ।

(ज) प्रतिक चिन्ह (लोगो) अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनुपर्दछ।

(झ) स्विकृत हुने डिजाईनकर्तालाई पुरस्कार स्वरुप कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(ञ) प्रस्तावित लोगोको डिजाईन तोकिएको म्याद भित्र कार्यालयमा आई हार्डकपी वा ई-कपी मार्फत नगरपलिकाको ईमेल ठेगानामा पेश गर्नु पर्छ।

(ट) प्रतिक चिन्ह (लोगो) कम्तिमा ३०० डि.पि.आई. भएको जे.पि.इ.जी फर्मेटमा हुनु पर्नेछ।

(ठ) प्रतिक चिन्ह (लोगो) पेश गर्दा डिजाईनकर्ताले अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्दछ।

(ड) प्रतिक चिन्ह (लोगो) निर्माण गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नु पर्छ।

(ढ) नगरपालिकाले खुला प्रतिष्पर्धाबाट लोगो निर्माणको लागि सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) को खण्ड (ढ) मा जुनसुकै कुरा लेखिएको भएतापनि छायाँनाथ रारा नगरपालिकाले आफैले पनि प्रतिक चिन्ह (लोगो) निर्माण गर्न सक्नेछ।

६. **<u>प्रतिक चिन्ह (लोगो) लागू हुनेः</u>** (१) समितिले प्रतिक चिन्ह (लोगो) छनोट गरी कार्यपालिकाबाट निर्णय भए पश्चात राजपत्रमा प्रकाशित पश्चात सूचना प्रकाशन गर्नु पर्नेछ।

७. **<u>कार्यविधिको व्याख्याः</u>** (१) यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

८. **<u>संशोधनः</u>** (१) आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्येनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

प्रमाणित मितिः २०८०/०९/२७

**आज्ञाले**
पशुपती शाही
नि. प्रमुख प्रशासकीय अधिकृत